# धनगढी उप-महानगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
### सुदूरपश्चिमम प्रदेश, नेपाल

प.स. : ०७९/०८०

च.न. :

**विषय:- नदी जन्य प्रदार्थको बिक्री शुल्क संकलनका लागि विद्युतीय बोलपत्र आव्हान सम्बन्धि सूचना।**

**प्रथम पटक प्रकाशित मिति: २०७९/०५/०५**

स्थानीय सरकार संचालन ऐन २०७४ को प्रतिच्छेद ९ को दफा ६२(क) अनुसार यस धनगढी उप-महानगरपालिकाले आफ्नो क्षेत्र भित्र भएर बग्ने IEE गरेको र घाटगद्दी तोकिएका नदी खोलाहरुबाट गिट्टी, बालुवा, भरान, ग्राभेल आदिको कुल संकलन घन मि. २,३६,६८६.७७ मात्र (बिक्रि प्रति धन मि. रु. १०५।९४ भ्याट बाहेक) नदी जन्य पदार्थको (स्थानीय निर्माण सामग्री) बिक्री गर्न सक्ने प्रावधान बमोजिम आ.ब. ०७९/०८० का लागि नगरसभाबाट तोकिएको दररेट बमोजिम रोयल्टी संकलन गर्न चाहने ईजाजत प्राप्त ईच्छुक फर्म वा कम्पनीहरुको जानकारीको लागि तपशिल बमोजिमको शर्तको अधिनमा रही ३० दिने सिलबन्दी बोलपत्र आव्हानको सार्वजनिक सूचना प्रकाशित गरिएको छ।

<u>तपसिलका शर्तहरू</u>

१. न्युनतम ठेक अंक २,५०,७४,५९६।४० भ्याट बाहेक (अक्षरुपी दुई करोड पचास लाख चौहत्तर हजार पाच सय छयानब्बे रुपैया चालिस पैसा मात्र) कायम गरिएको छ।

२. ठेक्काको अवधि ठेक्का स्वीकृत भै सम्झौता गरेको मितिले २०८० जेष्ठ मसान्त सम्म मात्र कायम गरिनेछ।

३. तोकिएको घाटगद्दी स्थानको सिमा रेखाभन्दा बाहिर गई रोयल्टी संकलन गर्न पाईने छैन, तोकिएको सिमाभन्दा बाहिर गई रोयल्टी असुली गरिएको जानकारी वा प्रमाण फेला परेमा यस कार्यालयले ठेक्का सम्झौता रद्द गर्न सक्नेछ।

४. बिद्युतीय माध्यमबाट बोलपत्र दाखिला गर्न ईच्छुक फर्म वा कम्पनीहरुले बोलपत्र खरिद वापतको रकम रा.बा.बैंक धनगढी शाखामा यस कार्यालयको नाममा रहेको अन्तरिक राजश्व खाता न. ४१७०१००३०१०१०००२ मा नगद रू. ५००० (पछि फिर्ता नहुने गरी) जम्मा गरेको भौचर समेत संलग्न गरी पेश गर्नु पर्नेछ।

५. बोलपत्र ३१ औ दिनको १२ बजेभित्र पेश गरिसक्नु पर्नेछ र सोहि दिनको २:०० बजे खोलिने हुँदा सो समयमा बोलपत्रदाता वा निजको तोकेको व्यक्ति उपस्थित हुनु पर्नेछ, उपस्थित नभएमा पनि बोलपत्र खोल्न बाधा पर्नेछैन।

६. बोलपत्र पेश गर्ने र खोल्ने दिन सार्वजनिक विदा परेमा लगतै कार्यालय खुलेको दिन सो सम्बन्धि काम हुनेछ।

७. बोलपत्र दर्ता गर्दा बोलपत्र वालाले आफुले कबोल गरेको ठेक्का अंकको ५% रकम यस कार्यालयको राष्ट्रिय वाणिज्य बैंक स्थित धरौटी खाता (हि.न. ४१७०१००३०३००००२) मा जम्मा गरेको भौचर पेश गर्नु पर्नेछ छ। भौचर वा सो रकम बराबर को १२० म्याद भएको "क" वर्ग को बैंक जमानत पत्र पेश गर्नुपर्ने छ। बोलपत्र समावेश गर्नका लागि अनलाईन www.bolpatra.gov.np/egp बाट सहभागी हुनु पर्नेछ।

८. ठेक्का स्वीकृत भएपछि सम्झौता गर्न आउदा ठेक्का रकमलाई ३ किस्ता गरी सो मध्य प्रथम किस्ताको रकम सम्झौता गरेकै दिन अग्रिम दाखिला गर्नुपर्ने छ र बाकी किस्ताको हकमा नेपाल राष्ट्र बैंक बाट स्वीकृति प्राप्त बाणिज्य बैंकबाट जारी गरिएको २०८० अषाढ मसान्त सम्म म्याद भएको कार्य सम्पादन जमानत (performance Bond) पेश गर्नु पर्नेछ।

९. ठेक्काको किस्ता रकम तिन किस्तामा बुझाउनु पर्नेछ। जसमा पहिलो किस्ता सम्झौताका बखत, दोश्रो किस्ता पौष मसान्त र तेश्रो किस्ता जेष्ठ मसान्त भित्र बुझाउनु पर्नेछ। तोकिएको अवधि भित्र रकम दाखिला नगरेमा बैंक जमानत पत्रबाट असुल उपर गरिनेछ।

१०. बोलपत्रमा ठेक्का अंक उल्लेख गर्दा अंक र अक्षर दुवैमा स्पष्ट लेखेको हुनु पर्नेछ। फरक परेमा अक्षरलाई मान्यता दिईनेछ। यस कार्यालयबाट प्रमाणित नगरी बिक्री भएको म्याद नाघी आएको बोलपत्र माथी कुनै कारवाही हुने छैन।

११. यस शर्तमा लेखेका कुराहरु यसै बमोजिम र छुटेका कुराहरु बोलपत्र फारममा उल्लेखित शर्तहरु, यस नगरपालिकाको स्वीकृत सार्वजनिक खरिद नियमावली २०७७, ढुंगा, गिट्टी, बालुवा उत्खनन बिक्रि तथा व्यवस्थापन मापदण्ड २०७७, स्थानीय सरकार संचालन ऐन २०७४, नगर सभाले स्वीकृत गरेको आर्थिक ऐन २०७९ र प्रचलित कानुन बमोजिम हुनेछ। साथै कार्यगत शर्तका बिबरणहरु सम्झौतामा उल्लेख भए बमोजिम हुनेछ।

# धनगढी उप-महानगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
सुदूरपश्चिमम प्रदेश, नेपाल

धनगढी उप-महानगरपालिका नगर कार्यपालिकाको कार्यालय धनगढी, कैलाली सुदूरपश्चिम प्रदेश, नेपाल

प.स. : ०७९/०८०
च.न. :

१२. स्वीकृत कार्य बिबरण बमोजिम पाच स्थानका नदी घाट कभरेजबाट बालुवा गिट्टी र ग्राभेल उत्खनन परिमाण अधिकतम २,३६,६८६।७७ घन मिटर मात्र हुनु पर्नेछ । स्वीकृत परिमाण र तोकिएको बमोजिमको नदी घाट कभरेज भन्दा बाहिर गएर संकलन, उत्खनन घाटगद्दी र बिक्रि गर्न पाईने छैन ।

१३. यस कार्यालयको महालेखा परिक्षकको प्रतिबेदनमा बेरुजु उल्लेख भएका फर्म वा कम्पनीहरुले यस सूचना अनुसार बोलपत्र प्रस्ताव पेश गर्नका लागि भ्याट समायोजन गरेको सम्बन्धित अन्तरिक राजश्व कार्यालयको पत्र पेश गरेपछि मात्र योग्य हुनेछन् । यस व्यहोरा अनुसार सम्बन्धि फर्म वा कम्पनीबाट आफ्नो बेरुजु बिबरण यस कार्यालयको लेखा शाखामा रहेको महालेखा परिक्षकको प्रतिबेदनबाट हेर्न समेत सुचित गरिन्छ ।

१४. बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सर्वाधिकार यस कार्यालयमा सुरक्षित रहनेछ । यस सम्बन्धी कुनै कुरा बुझ्न चाहेमा कार्यालय समय भित्र सम्पर्क राख्न सकिनेछ ।

१५. यो सूचना धनगढी उ.म.न.पा.को वेभसाइट www.dhangadhimun gov.np बाट समेत हेर्न सकिनेछ ।

..............................
प्रमुख प्रशासकीय अधिकृत

प्रमुख प्रशासकीय अधिकृत